# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
## विराटनगर, नेपाल ।

मितिः २०८१।११।१८ गते

श्री क्याम्पस प्रमुख/ डाईरेक्टरज्यू,
एम.एड. अध्यापन गराउने सम्पूर्ण क्याम्पस/ कलेजहरू ।

**विषयः परीक्षा आवेदन फारम भराई पठाई दिने बारे ।**

उपरोक्त सम्बन्धमा, पूर्वाञ्चल विश्वविद्यालयद्वारा २०८१ सालमा सञ्चालन हुने शिक्षाशास्त्र संकाय अन्तर्गत वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातकोत्तरतह **दुई वर्षे एम. एड. दोश्रो वर्ष** (सन् **2024** मा सञ्चालन गरिने परीक्षाका लागि) **नियमित तथा आंशिक** मा त्यस क्याम्पस/ कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई मिति **२०८१।१२।२४** गतेसम्म परीक्षा आवेदन फारम भराई मिति **२०८१।१२।२६** गतेसम्म नियमानुसारको परीक्षा शुल्क वापतको रकम नबिल बैंक स्थित यस कार्यालयको **CALL A/C 00710017518402 मा** जम्मा गरी मिति **२०८१।१२।२८** गते भित्र सोको सक्कलै भौचर र परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई दिनुहुन जानकारी गराएको छ । उक्त मिति सम्म परीक्षा आवेदन फाराम भर्न छुट भएका विद्यार्थीहरुलाई तपशिल बमोजिमको बिलम्ब शुल्क लिई तोकिए बमोजिमका मिति सम्म फारम भराई नियमानुसार परीक्षा शुल्क र बिलम्ब शुल्क सहित परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई सक्नु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन फाराम उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान **.........**।- यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । साथै, तपशिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालन गर्न/गराउन अनुरोध छ ।

**तपशिल :**

१. परीक्षार्थीहरूले परीक्षा आवेदन फारममा भरेको विवरणको नाम, विषयहरु, र अन्य विवरण समेत पूर्णरुपले रुजू गरी **Batch** छुट्टयाई परीक्षार्थीको नाम अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई प्रत्येक **Batch** को छुट्टाछुट्टै अभिलेख तयार गरी पठाउनु पर्ने छ ।
२. **परीक्षा आवेदन फारममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।** कुनै विद्यार्थीको रजिष्ट्रेशन सम्बन्धित कागजातहरु नपुग भई रजिष्ट्रेशन हुन नसेकमा त्यस्ता विद्यार्थीहरुको फारम स्वीकृत हुने छैन ।
३. आंशिक परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले परीक्षा दिने विषयको नाम लेखी सोको पछाडि कोष्टमा प्रयोगात्मक वा लिखित कुन हो फारममा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ र मार्कसिटको प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
४. सम्बन्धित क्याम्पस/कलेजहरुले परीक्षा आवेदन फाराम पठाउदा परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या **(Subject-wise Data)** खुलाई अनिवार्यरुपले **Batch** अनुसार संलग्न गरी पठाउनु पर्ने छ ।
५. परीक्षा आवेदन फाराममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ।
६. परीक्षा आवेदन फारमको पछाडि रहेको सम्बन्धित विद्यार्थीको हाजिरी प्रतिशत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।
७. परीक्षा आवेदन फारममा परीक्षार्थीले कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।
८. परीक्षा आवेदन फारमम विषय गलत लेखी पठाएकमा परीक्षा सञ्चालन हुनु भन्दा कम्तिमा सात (७) दिन अगावै विषय सच्याउन प्रति विषय रु. ५००/- यस कार्यालयमा बुझाउनुपर्ने छ । **परीक्षा सञ्चालन पछि विषय परिवर्तन हुने छैन ।**
९. कलेजले सञ्चालन गर्ने आन्तरिक मूल्याङ्कन परीक्षामा अनुतिर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।
१०. **परीक्षा शुल्क** देहाय बमोजिम हुने छ-

| विवरण | शुल्क |
|---|---|
| १. नियमित/ आंशिक प्रति बर्ष/ प्रति विद्यार्थी (२०२० समुह देखि) | रु.२१००।- |
| २. आंशिक प्रति बर्ष/ प्रति विद्यार्थी (अन्य समुह) | रु.११००।- |
| **बिलम्ब शुल्क** | |
| ३. तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र | रु.१०००।- |
| ४. परीक्षा शुरु हुनुभन्दा १० दिन अगाडि सम्म | रु.२०००।- |
| ५. परीक्षा शुरु हुनुभन्दा ५ दिन अगाडि सम्म | रु.३०००।- |
| **सम्बन्धन शुल्क** | **रु.३०००।-** |

परीक्षा नियन्त्रक